नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बलमा UN FPU मिशन
# छनौट निर्देशिका-२०७१

नेपाल सरकार, गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका-२०७१

सिंहदरबार, गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

# सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका, २०७१

**प्रस्तावना :-**

संयुक्त राष्ट्र संघीय Peacekeeping Mission अन्तर्गत FPU (Formed Police Unit) मिशनमा सहभागी हुन जाने सशस्त्र प्रहरी बलका सकल दर्जाका कर्मचारीहरुको छनौट प्रक्रियालाई पारदर्शी, निष्पक्ष, व्यवहारिक, सुदृढ र व्यवस्थित बनाउन बाञ्छनिय भएकोले,

नेपाल सरकार, गृह मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :-(क) यस निर्देशिकाको नाम "UN FPU मिशन छनौट निर्देशिका, २०७१" रहेको छ ।

(ख) यो निर्देशिका नेपाल सरकार गृह मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परीभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "UN" भन्नाले संयुक्त राष्ट्र संघ सम्झनु पर्दछ ।

(ख) "FPU" भन्नाले Formed Police Unit अर्थात संयुक्त राष्ट्र संघ अन्र्तगत प्रहरी इकाई सम्झनु पर्दछ ।

(ग) "Peace Keeping Mission" भन्नाले संयुक्त राष्ट्र संघ अन्र्तगत शान्ति कायम गर्ने मिशन सम्झनु पर्दछ ।

(घ) "DPKO" भन्नाले संयुक्त राष्ट्र संघ अन्र्तगतको "Department of Peacekeeping Operation" लाई सम्झनु पर्दछ ।

(ङ) "कमाण्डिङ्ग अफिसर" भन्नाले FPU कार्यालय प्रमुख वा इन्चार्ज सम्झनु पर्दछ ।

(च) "सहायक पति" भन्नाले कार्यालय प्रमुख पछिको दोश्रो कर्मचारी (2ic) सम्झनु पर्दछ ।

(छ) "अन्य दर्जा" भन्नालेसशस्त्र प्रहरी जवान देखि सशस्त्र प्रहरी बरिष्ठ हवल्दारसम्मको दर्जालाई सम्झनु पर्दछ ।

(ज) "मंकि क्राउल (MC)" भन्नाले सुरक्षा फौजमा प्रचलित विभिन्न बाधापार अर्थात Obstacles मध्ये डोरीबाट बाँदर चाल जस्तै गरी पार गर्नुपर्ने एक बाधापार सम्झनु पर्दछ ।

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

(झ) "फायरमेन लिफ्ट (FL)" भन्नाले घाईते बिरामीलाई घट्नास्थलबाट उपचारार्थ लैजान अर्को व्यक्तिले बोक्ने काम सम्झनु पर्दछ ।

(ञ) "डबल डिच (DD)" भन्नाले सुरक्षा फौजमा प्रचलित विभिन्न बाधापारहरु मध्ये पानीले भरेको दुईवटा खाल्डो सम्झनु पर्दछ ।

(ट) "विशेष कोटा" भन्नाले यस निर्देशिकाको दफा७ को उपदफा (३) को खण्ड (घ) र उपदफा (४) को खण्ड (घ) मा गरिएको व्यवस्थालाई सम्झनु पर्दछ ।

(ठ) "उत्कृष्ट कार्य" भन्नाले विभिन्न खाले जोखिमपूर्ण कार्य गरेको वा लामो समय सम्म विशेष जिम्मेवारीमा रही सांगठनिक छवि उच्च राख्न उत्कृष्ट कार्य गरेको अवस्थालाई सम्झनु पर्दछ ।

(ड) "जेष्ठता" भन्नाले हालको दर्जामा पदोन्नति वा नियुक्ति भएको मिति अनुसारको जेष्ठताको आधारलाई मानिनेछ । तर एउटै मितिमा नियुक्ति वा पदोन्नति भएकाहरुको हकमा नियुक्ति वा पदोन्नति हुंदाको सूची अनुसारको केन्द्रिय जेष्ठताक्रमलाई मानिनेछ ।

(ढ) "ज्येष्ठ" भन्नाले सम्बन्धित ट्रेडमा कार्य गरेको अवधि गणना एवं महिला सशस्त्र प्रहरी कर्मचारीहरु बिच एकमुष्ट दर्जागत रुपमा निकालिएको सूचिलाई समेतलाई जनाउँछ ।

(ण) "Pre - FPAT" भन्नाले FPU मिशनको छनौटको क्रममा संयुक्त राष्ट्र संघ वा सो अन्तर्गत तोकिएको मिशनबाट खटि आएको प्रतिनीधिले लिने परिक्षालाई जनाउँछ ।

(त) "ट्रेड" भन्नाले दफा ११ को उपदफा (१) मा उल्लेख भए बमोजिमको तालिकालाई जनाउँछ ।

(थ) "SAAT" भन्नाले Individual Police Officers (IPOs) छनौटको क्रममा संयुक्त राष्ट्र संघ तथा सो अन्तर्गत मिशनबाट खटी आएको प्रतिनीधिले लिने परिक्षालाई जनाउँछ ।

परिच्छेद -२

## छनौट गर्ने आधार

३. **FPU मिशनमा सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्ने आधारहरु** :-FPU मिशनमा सहभागी हुने सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्ने आधारहरु देहाय बमोजिम हुनेछः-

(क) केन्द्रिय जेष्ठताक्रमको आधारमा न्युनतम मापदण्ड पुरा भएकाहरु मध्येबाट छनौट गर्ने ।

(ख) जुनियर अधिकृत र अन्य दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा छनौट गर्नुपर्ने संख्याको १:२ को अनुपातमा संभावित उम्मेदवारहरुको छनौट गरी प्रतिस्पर्धा गराई उर्त्तिण हुने सशस्त्र

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

प्रहरी कर्मचारीहरु मध्येबाट जेष्ठता क्रममा रहेको जेष्ठ सशस्त्र प्रहरी कर्मचारीलाई मनोनित गर्ने ।

(ग) जुनियर अधिकृत र अन्य दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुको अन्तिम छनौट कार्यलाई निम्नानुसार तहमा विभाजन गरि संचालन गरिने छ ।

(ग१) "क" शारीरिक सहिष्णुता तथा बाधापार,
(ग२) "ख" व्यवसायिक लिखित परिक्षा,

(घ) खण्ड (ग) को उपखण्ड (ग१) र (ग२) मा उल्लेख भए अनुसारको तहहरु अनुरुप प्रत्येक तहको परिक्षा सफलतापूर्वक उर्त्तिण नगरेमा अर्को तहको परिक्षामा समावेश गरिने छैन ।

(ङ) **परिशिष्ट "ग"** मा उल्लेख भए बमोजिमको दर्जागत ब्यावसायिक तालिम पूरा नगरेका सशस्त्र प्रहरी कर्मचारीलाई छनौट परिक्षामा सहभागी गराईने छैन ।

## परिच्छेद -३
## छनौट समितिको गठन

४. **FPU छनौट समितिको गठन :-** (१) यस निर्देशिका बमोजिम FPU मिशनको छनौट गर्नका लागि निम्नानुसारको संयोजक तथा सदस्य रहने केन्द्रीय छनौट समितिको गठन गरिनेछ ।

(क) मानव श्रोत विकास विभाग प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत -संयोजक

(ख) सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयबाट अधिकृत प्रतिनीधि - सदस्य

(ग) प्रशासन विभागबाट सिनियर अधिकृत प्रतिनीधि - सदस्य

(घ) कार्य विभागबाट सिनियर अधिकृत प्रतिनीधि - सदस्य

(ङ) सिमा सुरक्षा विभागबाट सिनियर अधिकृत प्रतिनीधि - सदस्य

(च) मद्दती तथा सेवा निर्देशनालयबाट सिनियर अधिकृत प्रतिनीधि - सदस्य

(छ) ब्यवसायिकता तथा गुणस्तर निर्धारण निर्देशनालय सि.अ.प्रतिनीधि - सदस्य

(ज) अन्वेषण तथा विकाश निर्देशनालय सि.अ. प्रतिनीधि - सदस्य

(झ) राजश्व तथा औद्योगिक सुरक्षा निर्देशनालयको सिनियर अधिकृत - सदस्य

(ञ)कानून शाखाका सिनियर अधिकृत प्रतिनीधि - सदस्य

(झ)विदेश शाखा प्रमुख - सदस्य सचिव

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

(२) क्षेत्रीय स्तरमा छनौट हुने सशस्त्र प्रहरी कर्मचारीहरुको लागि निम्नानुसारको संयोजक तथा सदस्य रहने क्षेत्रीय छनौट समितिको गठन गरिनेछ।

(क) महानगरीय सशस्त्र प्रहरी कार्यालयका सशस्त्र प्रहरी अतिरीक्त महानिरीक्षक/

क्षेत्रीय मुख्यालयका बाहिनीपति वा निजले तोकेको अधिकृत -संयोजक

(ख) सशस्त्र प्रहरी कार्यालय वा तालिम महाविद्यालय वा तालिम केन्द्रबाट एक जनासिनियर अधिकृत प्रतिनिधि - सदस्य

(ग) मातहतका गणहरुबाट १/१ जना सिनियर अधिकृत प्रतिनीधि - सदस्य

(घ) मातहत सिमा सुरक्षा कार्यालयबाट १/१ जना सिनियर अधिकृत प्रतिनीधि - सदस्य

(ङ) बाहिनीका तालिम शाखाका प्रमुख -सदस्य सचिव

(च) क्षेत्रक ासशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक/जेष्ठ जुनियर अधिकृत (छनौटमा भाग लिने बाहेक) - सदस्य

(छ) क्षेत्रका सशस्त्र प्रहरी बरीष्ठ हवलदार/जेष्ठ विल्लादार (छनौटमा भाग लिने बाहेक) - सदस्य

(३) उपदफा (२) को खण्ड (ख) मा उल्लेख भए बमोजिमको प्रतिनिधिहरु खटाउंदा तालिम महाविद्यालय वा तालिम केन्द्रमा भएका क्षेत्रहरुमा सोही स्थानहरुबाट मानवश्रोत विकास विभाग, सशस्त्र प्रहरी बल प्रधान कार्यालयले खटाई पठाउन सम्बन्धित कार्यालयमा पत्राचार गर्नु पर्नेछ।

परिच्छेद -४

## छनौट गर्ने न्युनतम मापदण्ड

५. न्युनतम मापदण्ड :- FPU मिसनमा छनौटको लागि देहाय बमोजिमको न्युनतम मापदण्ड हुनु पर्नेछः-

(क) कम्तिमा उमेर २५ वर्ष पुरा भएको हुनुपर्ने छ,

(ख) शारीरिक सहिष्णुता उच्च भएको र मेडिकल प्रतिवेदन ठीक भएको,

(ग) सेवा अवधी कम्तीमा ५ वर्ष पुरा भएको हुनु पर्नेछ,

(घ) दर्जागत आधारभूत तालिम अनिवार्य रुपमा पूरा गरि तोकिएको दर्जागत ब्यावसायिक तालिम हासिल गरेको।

६. अयोग्य ठहरिने :- FPU मिसनमा छनौट गर्नका लागि देहाय बमोजिमको अवस्था भएमा मिशनको लागि योग्य ठहरिने छैन।

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

(क) सशस्त्र प्रहरी नियमावली, २०६० ले तोकेको बिभागिय कारबाही भएको अवधि कायम रहेसम्म,

(ख) आर्थिक अनियमितता गरेको प्रमाणित भएमा,

(ग) बहु विवाह गरेको सम्बन्धमा केन्द्रिय लैङ्गिक ईकाइको अभिलेखमा देखिएमा,

(घ) ब्यक्तिगत अभिलेखमा जनिने गरी तिन पटक वा सो भन्दा बढि बिभागीय कारबाही भएमा,

(ङ) लैंगिक हिंसा सम्वन्धि विभागिय कारवाही भएमा,

(च) मानव अधिकार सम्वन्धी कारवाही भएमा,

(छ) FPU मिशन छनौट भई तालिमरत रहेको अवस्थामा अनुशासनहिन एवं आचरण विपरित कार्य गरेको ठहरेमा तथा स्वास्थ्य परिक्षणमा अयोग्य ठहरिएमा,

(ज) FPU मिशनमा खटि गई मिशन क्षेत्रमा गम्भिर अनुशासनहिन एवं आचारण विपरित कार्य गरी संगठनको छविमा नकरात्मक असर पुऱ्याउने सशस्त्र प्रहरी कर्मचारीलाई मिशनबाट फिर्ता गर्न सक्नेछ र निजलाई पुनः मिशनमा छनौट गरिने छैन,

(झ) FPU मिशन छनौटको अन्तिम नामावली प्रकाशित गरेको महिनाको १ गतेसम्म कुनै पनि विभागिय कारबाही फुकुवा नभएसम्म,

(ञ) FPU मिशन छनौटको अन्तिम नामावली प्रकाशित गरेको महिनाको १ गतेसम्म IPOs (UNPOL) मिशनबाट फर्केको १ बर्ष नपुगेमा ।

७. **<u>छनौट प्रकृया</u>**:- (१) FPU मिशन छनौट प्रकृया गर्दा निष्पक्ष एवं पारदर्शी ढंगबाट सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्नुपर्नेछ ।

(२) FPU कमाण्डर छनौट गर्दा जेष्ठता र कार्य दक्षताको आधारमा केन्द्रिय छनौट समितीले छनौट गरि सशस्त्र प्रहरी महानिरीक्षक समक्ष पेश गरि स्वीकृति प्राप्ति पछि छनौट हुनेछन् ।

(३) **सिनियर अधिकृतको छनौट** :सिनियर अधिकृतहरुको छनौट गर्दा देहाय बमोजिमको आधारमा गर्नुपर्नेछः-

(क) न्युनतम मापदण्ड पुगेका सशस्त्र प्रहरी नायव उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षकहरुको छनौट सशस्त्र प्रहरी बल प्रधान कार्यालय प्रशासन विभाग अन्तर्गतको कर्मचारी प्रशासन शाखाको जेष्ठताक्रमको आधारमा गरिनेछ ।

(ख) सिनियर अधिकृतको छनौट गर्दा मावनश्रोत विकास विभागले निर्धारण गरेबमोजिमका पाठ्यक्रमका आधारमा Pre-FPAT परिक्षा संचालन गर्नेछ । साथै सहभागीहरुले Pre-FPAT परीक्षामा उत्तिर्ण हुन पर्नेछ । सहभागीहरु मध्यै कोही अनुतिर्ण भएमा जेष्ठताक्रमको आधारमा अर्को निकटतम जुनियरलाई परिक्षामा सहभागि गराईनेछ ।

नेपाल सरकार गृह मन्त्रालय

उप-सचिव

(ग) Pre-FPAT मा अनुत्तिर्ण हुने सिनियर अधिकृतहरुलाई सोही वर्षको SAAT परीक्षामा सहभागी गराईने छैन ।

(घ) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि न्यूनतम मापदण्ड पुरा गरेका मध्येबाटअधिकतम ५ बर्ष मात्र सेवा अवधि बाँकी भएमा र एक पटक पनि FPU मिशन जान नपाएका २ सिनीयर अधिकृत सेवा अवधीको जेष्ठताक्रमको आधारमा विशेष कोटा अन्तर्गत केन्द्रीय छनौट समितिले छनौट गर्नेछ ।

(ङ) खण्ड (घ) अन्तर्गत विशेषकोटा मापदण्डका २ सिनियर अधिकृत मध्ये ज्येष्ठताक्रमको आधारमा १ सशस्त्र प्रहरी नायव उपरीक्षक र १ सशस्त्र प्रहरी निरीक्षकको छनौट गरिनेछ । उक्त मापदण्ड भित्र कुनै सशस्त्र प्रहरी नायव उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षक नपरेमा सोही दर्जाबाट नै विशेष कोटा पुर्ति गर्नुपर्नेछ ।

(च) ज्येष्ठताक्रम अनुसार छनौट भएका अधिकृतले FPU मिशनमा जान असमर्थता देखाएमा निजको लिखित प्रतिवेदन लिई मानवश्रोत विकाश विभाग (विदेश शाखा) सशस्त्र प्रहरी बल प्रधान कार्यालयले अभिलेख राख्नुपर्नेछ । निजले सोही वर्षको SAAT को परिक्षामा सामेल हुन पाउने छैन।

तर कार्यालयको आवश्यकता तथा गम्भिर किसिमको व्यक्तिगत समस्या आईपरेको अवस्थामा निजले आवश्यक प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन ।

(४) **जुनियर अधिकृत/अन्य दर्जाको छनौटः-** जुनियर अधिकृत/अन्य दर्जाको छनौट गर्दा देहाय बमोजिमको आधारमा गर्नुपर्नेछ :-

(क) जुनियर अधिकृत र अन्य दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्दा न्यूनतम मापदण्ड पुगेकाहरु मध्येबाट सशस्त्र प्रहरी बल प्रधान कार्यालय, कर्मचारी प्रशासन शाखाबाट जेष्ठताक्रमको आधारमा प्राप्त नामावली अनुरुप छनौट गर्नुपर्ने संख्याको १:२ अनुपातमा संम्भावित उम्मेदवारहरुको छनौट गरी प्रतिस्पर्धामा समावेश गरिने छ । तर कुनै कारणवस कुनै दर्जा विषेशमा **१:२** को अनुपातमा सहभागिताको संख्या अपुग भएमा उपलब्ध उम्मेदवारहरु मध्येबाट प्रतिस्पर्धा गराईनेछ ।

(ख) प्रविणता प्रमाणपत्र तह उत्तिर्ण भएका जुनियर अधिकृतको छनौट गर्दा मावनश्रोत विकास विभागले निर्धारण गरे बमोजिमका पाठ्यक्रमका आधारमा Pre-FPAT परिक्षा संचालन गरिनेछ । यसरी Pre-FPAT परिक्षा संचालन गर्दा शारिरीक सहिष्णुता र लिखित परिक्षा उत्तिर्ण गरे पश्चात संचालन गरिने छ । सहभागीहरुले Pre- FPAT परीक्षामा उत्तिर्ण हुन पर्नेछ । सहभागिहरु मध्ये कोही अनुतिर्ण भएमा जेष्ठताकमको आधारमा अर्को निकटतम जुनियरलाई परिक्षामा सहभागि गराईनेछ ।

नेपाल सरकार गृह मन्त्रालय

उप-सचिव

(ग) Pre-FPAT मा अनुत्तिर्ण हुने जुनियर अधिकृतहरुलाई सोहि वर्षको SAAT परीक्षमा सहभागी गराईने छैन ।

(घ) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि न्यूनतम मापदण्ड पुरा गरेका मध्येबाट अधिकतम ५ बर्ष मात्र सेवा अवधि बाँकी भएमा र एक पटक पनि FPU मिशन जान नपाएका २ जुनीयर अधिकृत सेवा अवधिको जेष्ठताक्रमको आधारमा विशेषकोटा अन्तर्गत केन्द्रीय छनौट समितिले छनौट गर्नेछ ।

(ङ) खण्ड (घ) अन्तर्गत विशेषकोटा मापदण्डका २ जुनियर अधिकृत मध्ये ज्येष्ठताक्रमको आधारमा १ सशस्त्र प्रहरी नायव निरीक्षक र १ सशस्त्र प्रहरी सहायक निरीक्षकको छनौट गरिने छ । उक्त मापदण्ड भित्र कुनै सशस्त्र प्रहरी नायव निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक नपरेमा सोही जेष्ठ दर्जाबाट नै विशेष कोटा पुर्ति गर्नुपर्नेछ ।

(च) जुनियर अधिकृत तथा अन्य दर्जा (परिचर बाहेक) FPU छनौटका लागी तोकिएको बाह्य तथा व्यावसायीक परिक्षामा अनिवार्य उत्तिर्ण हुनु पर्नेछ । पाठ्यक्रम तथा परिक्षा संचालन सशस्त्र प्रहरी बल प्रधान कार्यालय मानवश्रोत विकास विभागले तोके बमोजिम हुनेछ ।

(छ) न्युनतम मापदण्ड पुगेका सशस्त्र प्रहरी बरिष्ठ नायव निरीक्षकलाई FPU मिशन छनौट गर्दा दफा ३ को खण्ड (ग) को परिक्षाहरुमा समावेश गराईने छैन । केन्द्रिय ज्येष्ठताक्रमको आधारमा छनौट गरिनेछ ।

(ज) ज्येष्ठताक्रम अनुसार छनौट भएका जुनियर अधिकृतले FPU मिशनमा जान असमर्थता देखाएमा निजको लिखित प्रतिवेदन लिई मानवश्रोत विकाश विभाग (विदेश शाखा) सशस्त्र प्रहरी बल प्रधान कार्यालयले अभिलेख राख्नुपर्नेछ । निजले सोही वर्षको SAAT को परिक्षामा सामेल हुन पाउने छैन ।

तर कार्यालयको आवश्यकता तथा गम्भिर किसिमको व्यक्तिगत समस्या आईपरेको अवस्थामा निजले आवश्यक प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन ।

(५) **महिला सशस्त्र प्रहरी कर्मचारीको छनौटः** FPU मिशन छनौटको लागि महिला सशस्त्र प्रहरी कर्मचारीहरुको देहाय बमोजिमको आधारमा छनौट गरिनेछ ।

(क) FPU मिशनको आवश्यकतानुसार महिला सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्दा केन्द्रीय जेष्ठताक्रमको आधारमा महिला सशस्त्र प्रहरी कर्मचारीहरुको मात्र छुट्टै प्रतिस्पर्धा गराई छनौट गरिने छ ।

(ख) महिला सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट क्षेत्रीय छनौट समितिहरुद्वारा मुख्यालय वाहिनीहरुमा गरिने छ तर आवश्यक परेमा केन्द्रीय छनौट समितिद्वारा सशस्त्र प्रहरी बल प्रधान कार्यालय, मानवश्रोत विकास विभागमा संचालन गर्न सक्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

(ग) न्युनतम मापदण्ड पुगेका महिला जुनियर अधिकृतहरु (सशस्त्र प्रहरी नायव निरीक्षक/सशस्त्र प्रहरी सहायक निरीक्षक) मध्येबाट र अन्य दर्जाका महिला सशस्त्र प्रहरी कर्मचारीहरु मध्येबाट १:२ को अनुपातमा सम्भावित उम्मेद्वारहरुको छनौट गरी दर्जागत रुपमा छुट्टा छुट्टै प्रतिस्पर्धामा सहभागि गराईनेछ ।

(घ) FPU मिशनमा Robust Femal Element को लागि छुट्याईएको महिला सशस्त्र प्रहरी कर्मचारीहरुको कोटालाई महिला सशस्त्र प्रहरी कर्मचारीहरुबाटै पुर्ति गर्नुपर्नेछ । उक्त कोटा पुर्ति गर्दा ज्येष्ठताक्रम अनुसार छनौट भई आएका संख्या अपुग भएमा महिला सशस्त्र प्रहरी कर्मचारीहरुको ज्येष्ठ सुचिबाट छनौट गर्नुपर्नेछ ।

(ङ) कुनै FPU मिशनको लागी संयुक्त राष्ट्र संघबाट Robust Femal Element सहितको महिला सशस्त्र प्रहरी कर्मचारीहरुको संख्या माग भई आएमा सि.अ. १ (सशस्त्र प्रहरी निरिक्षक), जु.अ.-२ (सशस्त्र प्रहरी नायब निरिक्षक-१/सशस्त्र प्रहरी सहायक निरिक्षक-१) तथा अन्य दर्जाहरुलाई निम्न समिकरणबाट दर्जा कट्टा गरि समायोजन गर्नु पर्नेछ ।

( ङक) स.प्र.ब.ह.दर्जाबाट समायोजन गर्दा $= \frac{\text{आवश्यक महिला संख्या}}{\text{अन्य दर्जाको कुल संख्या}} \times$ स.प्र.ब.ह.को कुल संख्या

( ङख) स.प्र.ह.दर्जाबाट समायोजन गर्दा $= \frac{\text{आवश्यक महिला संख्या}}{\text{अन्य दर्जाको कुल संख्या}} \times$ स.प्र.ह.को कुल संख्या

( ङग) स.प्र.स.ह.दर्जाबाट समायोजन गर्दा $= \frac{\text{आवश्यक महिला संख्या}}{\text{अन्य दर्जाको कुल संख्या}} \times$ स.प्र.स.ह.को कुल संख्या

( ङघ) स.प्र.ज.दर्जाबाट समायोजन गर्दा $= \frac{\text{आवश्यक महिला संख्या}}{\text{अन्य दर्जाको कुल संख्या}} \times$ स.प्र.ज.को कुल संख्या

(६) **परिचर पदको छनौटः**-मिशनको आवश्यकता अनुसार विभिन्न ट्रेडका परिचरहरुको निर्धारण संख्या अनुसार छनौट गरिनेछ । विभिन्न ट्रेड अनुसार उपलब्ध जनशक्ति मध्ये न्युनतम मापदण्ड पुरा भएका संख्याबाट अनिवार्य रुपमा प्रत्येक FPU Unit मा भान्से १ र पोडे १ जना साथै प्रत्येक Mission रहेको देशमा १ जना हजाम रहने छन् र बाँकीको हकमा जेष्ठताक्रमको आधारमा मनोनयन गरिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

परिच्छेद -५

## छनौटका लागि लिइने परिक्षाहरु

८. **जुनियर अधिकृत र अन्य दर्जा**:- FPU मिशन छनौटका लागि लिइने परिक्षाहरु दफा ३ को खण्ड (ग) को (ग१) र (ग२) मा उल्लेख भएको परिक्षाहरु देहाय बमोजिम हुनेछ ।

(क) शारीरिक सहिष्णुता तथा बाधापार :-शारिरीक सहिष्णुता तथा बाधापार निम्नानुसारको हुनेछ,

| चरण | विषय | नतिजा | कै. |
|---|---|---|---|
| प्रथम | २ माईल | | |
| दोश्रो | मंकीक्राउल | | |
| तेश्रो | डबल डिच | | |
| चौथो | फायरमेन लिफ्ट | | |

(ख) खण्ड (क) मा लिइने शारीरिक सहिष्णुता तथा बाधापार परिक्षामा सबै सशस्त्र प्रहरी कर्मचारीहरु ब्याटल ड्रेस अनिवार्य हुनु पर्दछ । प्रत्येक चरणमा लिइने परिक्षामा अनुत्तिर्ण भएमा अर्को चरणको परिक्षामा सहभागि हुन पाउने छैनन् र सो लिइने परिक्षाको नमूना **परिशिष्ट "क"** मा निर्धारण गरे बमोजिम हुनेछ ।

तर प्राविधिक सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा ब्याटल ड्रेस अनिवार्य हुने छैन ।

(ग) महिला सशस्त्र प्रहरी कर्मचारीहरुलाई खण्ड (क) मा लिईने परिक्षाको दोस्रो चरण अन्तर्गत मंकीक्राउलको सट्टा उमेर अनुसार पुसअप र सिटअपको परिक्षा लिईनेछ ।उक्त परिक्षाको तालिका परिशिष्ट "क" मा उल्लेख भए बमोजिम हुनेछ ।

(घ) दफा ३ को खण्ड (ग) को (ग२) बमोजिम लिइने व्यावसायिक लिखित परिक्षाको (प्रशासन एवं प्राविधिक तर्फको) अंकभार एवं उत्तिर्णाक निम्न फर्मेटमा उल्लेख भए बमोजिम हुनेछ ।

**प्रशासन तर्फ**

| क्र.सं. | विषय | अङ्क | कोड | पास अङ्क |
|---|---|---|---|---|
| १. | सशस्त्र प्रहरी ऐन तथा नियमावली र सेवा सम्बन्धी | ४ | A | ८ |
| २. | हातहतियार सम्बन्धी | ४ | B | |
| ३. | ट्याक्टीस तथा भिड नियन्त्रण सम्बन्धी | ४ | C | |
| ४. | UN तथा FPU सम्बन्धी | ४ | D | |
| ५. | मानव अधिकार तथा मानवीय कानून सम्बन्धी | ४ | E | |
| | जम्मा | २० | | |

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

<u>प्राविधिक तर्फ</u>

| क्र.सं. | विषय | अङ्क | कोड | पास अङ्क |
|---|---|---|---|---|
| १. | सशस्त्र प्रहरी ऐन तथा नियमावली र सेवा सम्बन्धी | ४ | A | ८ |
| २. | हातहतियार सम्बन्धी | २ | B | |
| ३. | सम्वन्धित ट्रेडको विषय सम्बन्धी | ६ | C | |
| ४. | UN तथा FPU सम्बन्धी | ४ | D | |
| ५. | मानव अधिकार तथा मानवीय कानून सम्बन्धी | ४ | E | |
| | जम्मा | २० | | |

९. **<u>जुनियर अधिकृत/अन्य दर्जाको छनौट परिक्षा संचालन विधि</u>** :जुनियर अधिकृत/अन्य दर्जाको छनौट परिक्षा संचालन विधि देहाय बमोजिम हुनेछ :-

(क) संम्भावित उम्मेद्वारको सुचिमा रहेका जुनियर अधिकृत/अन्य दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुको दफा ३ को खण्ड (ग) को "ग१" अर्न्तगतको शारीरिक सहिष्णुता तथा बाधापार परिक्षा र "ग२" अर्न्तगतको व्यवसायिक परिक्षा सम्बन्धीत मुख्यालय बाहिनीहरुमा संचालन गरिनेछ ।

(ख) दफा ३ को खण्ड (ग) को "ग१" अर्न्तगतको शारीरिक सहिष्णुता तथा बाधापार परिक्षा चरणबद्ध रुपमा संचालन गरिने छ । प्रत्येक चरण उत्तिर्ण गरे पश्चात मात्र अर्को चरणको परिक्षाको लागि योग्य ठहरिनेछ ।

(ग) दफा ३ को खण्ड (ग) को "ग१" का सम्पूर्ण चरण उत्तिर्ण गरेका उम्मेद्वारहरुलाई मात्र "ग२" को व्यवसायिक लिखित परिक्षामा सहभागी गराईनेछ ।

(घ) दफा ३ को खण्ड (ग) को "ग२" अर्न्तगत व्यवसायिक लिखित परिक्षाको बस्तुगत प्रश्नपत्रमा एकरुपता लागु गरिनेछ ।

(ङ) बस्तुगत प्रश्नपत्र तथा उत्तरको मास्टरकपी निर्माण तथा छपाई कार्यको जिम्मेवारी केन्द्रीय छनौट समितिका संयोजक तथा निजले तोकेको प्रतिनिधि मार्फत गरिने छ ।

(च) केन्द्रीय समितिबाट तयार गरी शिलबन्दी गरिएको प्रश्नपत्र परिक्षा संचालनको समयमा क्षेत्रीय समितिका संयोजक तथा सदस्यहरुको रोहवरमा मुचुल्का गरी शिलबन्दी खोली परिक्षा संचालन गरिनेछ ।

(छ) व्यवसायिक लिखित परिक्षा संचालन पश्चात् क्षेत्रीय छनौट समितिले मास्टर कपीको आधारमा उत्तर पुस्तिका परिक्षण गरी व्यवसायिक लिखित परिक्षाको नतिजा प्रकाशन गर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

(ज) व्यवसायिक लिखित परिक्षामा उत्तिर्ण हुने उम्मेदवारहरुको दफा ३ को खण्ड (ग) को "ग१" र "ग२" अन्तर्गतका परिक्षाहरुको नतिजा टेबुलेसन गरी केन्द्रीय छनौट समितिमा पठाउनु पर्नेछ। उक्त टेबुलेशनको नमूना **परिशिष्ट "ख"** मा उल्लेख भए बमोजिम हुनेछ।

(झ) खण्ड "ज" बमोजिमको नतिजाको आधारमा जेष्ठ उम्मेदवारहरुबाट आवश्यकता अनुसार FPU मिशनकालागि छनौट गरिनेछ।

(ञ) प्राविधिक तर्फका सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुको सम्पूर्ण खण्डको परिक्षा केन्द्रिय छनौट समितिद्धारा मानवश्रोत विकास विभाग, सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा संचालन गरिनेछ।

## परिच्छेद -६
## कोटा वितरण

१०. **कोटा वितरण** :-(१) FPU मिशन छनौट गर्दा सशस्त्र प्रहरी कर्मचारीहरुकोदेहाय बमोजिमको प्रतिशतकोआधारमा दर्जागत कोटा वितरण गर्नुपर्नेछ।

| क्र.सं. | दर्जा | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | सिनियरअधिकृत | ८ | |
| २. | जुनियर अधिकृत | १२ | |
| ३. | ट्रेड | १७ | |
| ४. | सशस्त्र प्रहरी बरिष्ठ हवल्दार | २० | |
| ५. | सशस्त्र प्रहरी हवल्दार | १३ | |
| ६. | सशस्त्र प्रहरी सहायक हवल्दार | १२ | |
| ७. | सशस्त्र प्रहरी जवान | १० | |
| ८. | परिचर | ४ | |
| ९. | उत्कृष्ट कार्य | ४ | (सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक र सो भन्दा मुनिको दर्जा सम्म मात्र) |
| | **जम्मा** | **१००** | |

(२) सिनियर अधिकृतहरुको कुल ८ प्रतिशत कोटा मध्येबाट सशस्त्र प्रहरी बरीष्ठ उपरीक्षक/सशस्त्र प्रहरी उपरीक्षक (कमाण्डर) १, सशस्त्र प्रहरी नायव उपरीक्षक ३ (टु.आई सी.१/ अपरेशन -१ र लजिस्टिक १) र बाँकी संख्या सशस्त्र प्रहरी निरीक्षकबाट छनौट गर्नु पर्नेछ। बिशेष कोटा अन्तर्गतका सि.अ.लाई सम्बन्धित दर्जाको बितरित कोटामा समायोजन गनु पर्नेछ ।

(३) जुनियर अधिकृत दर्जाको कुल १२ प्रतिशतको कोटा मध्येबाट सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक १, बाँकी हुन आउने संख्यालाई सशस्त्र प्रहरी नायव निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक दर्जामा आधा आधा संख्यामा छनौट गर्नु पर्नेछ । जस अन्तर्गत दुबै दर्जामा ६० प्रतिशत प्रविणता प्रमाणपत्र तह उत्तिर्ण भएको हुनु पर्नेछ तथा शारिरीक सहिष्णुता एवं लिखति परिक्षा उत्तिर्ण भए पश्चात Pre-FPAT मा समावेश हुनु पर्नेछ । बिशेष कोटा अन्तर्गतका जुनियर अधिकृतलाई सम्बन्धित दर्जाको बितरित कोटामा समायोजन गनु पर्नेछ ।

(४) अन्य दर्जाको हकमा तोकिए बमोजिमको दर्जागत प्रतिशतबाट छनौट गरिने छ । यस प्रकार तोकिएको दर्जाबाट तोकिएको संख्या पूर्ति हुन नसकेमा क्रमश: सो भन्दा तल्लो दर्जाबाट केन्द्रिय जेष्ठताक्रमको आधारमा छनौट गरिने छ ।

(५) सशस्त्र प्रहरी दिवशको अवसरमा "बर्ष जवान" घोषित भएको सशस्त्र प्रहरी कर्मचारीलाई कुनै पनि छनौट परिक्षामा सहभागी नगराईकन सम्बन्धित दर्जाबाट समायोजन गरि FPU Mission मा सहभागी गराईने छ ।

(६) असाधारण, साहसिक वा वीरतापूर्ण कार्य गर्ने र संगठनको छवी र गरिमालाई उठाउने कार्यमा विशेष जिम्मेवारीमा रही उत्कृष्ट कार्य गर्ने तथा सशस्त्र प्रहरी दिवशमा उत्कृष्ठ भएका ईकाइहरुले पारदर्शी समिति गठन गरि शिफारिस गरेको सशस्त्र प्रहरी कर्मचारीहरु मध्येबाट केन्द्रिय छनौट समितिले ४ प्रतिशत सशस्त्र प्रहरी कर्मचारीहरुलाई विवरण सहित अन्तिम स्वीकृतीको लागि सशस्त्र प्रहरी महानिरीक्षकज्यू समक्ष पेश गर्नु पर्नेछ र स्वीकृती प्राप्त भएपछि अन्तिम छनौट हुनेछ । उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी अर्न्तगत सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक र सो भन्दा मुनिको दर्जासम्मलाई समाबेश गरिनेछ ।

(७) उपदफा (३) मा उल्लेखित सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक पदको कोटामा यदी मिसन नगएको सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक नभएको अवस्थामा उक्त संख्या सशस्त्र पहरी नायव निरीक्षक पदमा गाभिने छ ।

(८) विभिन्न दर्जामा छनौट गर्दा प्रतिशतको आधारमा दशमलवमा फरक पर्न आएको संख्यालाई केन्द्रिय वोर्डले आबश्यकता अनुसार अन्य दर्जामा समायोजन गर्न सक्नेछ ।

(९) उपदफा (८) मा उल्लेख भए बमोजिमको दशमलब अन्तर देखिन आएमा बढी दशमलब प्रतिशतलाई प्राथामिकताको आधारमा दर्जागत संख्यामा समायोजन गरिनेछ ।

तर दशमलब पछिको अंक समान भएमा केन्द्रिय छनौट समितिले मिशनको आवश्यकता अनुसार स्व-विवेक प्रयोग गरी सम्बन्धित दर्जा/ट्रेडमा समायोजन गर्न सक्नेछ ।

११. **प्राविधिक समुह तर्फको कोटा वितरण :**

(१) FPU मिशनहरुमा बिभिन्न ट्रेड तर्फ छुट्टाईएको १७ प्रतिशतबाट हुन आउने संख्यालाई निम्न तोकिए बमोजिमको विभिन्न ट्रेडका सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्नु पर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

निम्नः

| क्र.सं. | दर्जा | प्रतिशत | कै. |
|---|---|---|---|
| १. | मेडिकल | १५ | |
| २. | भेहिकल मेकानिक्स | ५ | |
| ३. | सवारी चालक | ५० | |
| ४. | संचार | १० | |
| ५. | आर्मोरर | ५ | |
| ६. | कम्प्यूटर अप्रेटर वा टेक्निसियन | ५ | |
| ७. | ईलक्ट्रिसियन | ५ | |
| ८. | फोटोग्राफर, सिकर्मी, डकर्मी, पेन्टर, प्लम्बर, वेल्डर, लेथ मेशिन अप्रेटर र अन्य | ५ | |
| **जम्मा** | | १०० | |

(२) मिशन आवश्यकता अनुसारको मेडिकल अर्न्तगत जिम्मेवारी पद अनुरुप छनौट गर्नु पर्नेछ।

तर छनौट गर्दा कम्तिमा डाक्टर १, स्टाफ नर्स १ र मेडिकल सहायक १ (नर्सिङ असिष्टेन्ट) को अनिवार्य छनौट गर्नु पर्नेछ।

(३) उपदफा (१) को क्र.सं. ८ मा उल्लेखित कोटामा केन्द्रिय जेष्ठताको आधारमा मनोनयन गरी छनौट परिक्षामा उत्तिर्ण हुने ज्येष्ठ सशस्त्र प्रहरी कर्मचारीहरुलाई छनौट गरिनेछ।

तर सम्बन्धित ट्रेडको सशस्त्र प्रहरी कर्मचारी मिशनबाट नै माग भई आएकोमा तथा आवशयक देखिएमा सोही बमोजिम हुने गरी छनौट गर्नुपर्नेछ।

(४) प्राविधिक समुहका सशस्त्र प्रहरी कर्मचारीहरुको छनौटमा सम्बन्धित ट्रेडको ज्येष्ठ र विशेषज्ञताको आधारमा १:२ को अनुपातमा प्रतिस्पर्धा गराई छनौट गरिनेछ। निर्धारित अनुपातमा सहभागिहरुको संख्या अपुग भएमा उपलब्ध उम्मेदवारहरु मध्येबाट न्यूनतम क्षमता परिक्षण गरिनेछ। यस अर्न्तगत कुनै दर्जागत सिमितता हुने छैन।

नेपाल सरकार
गृह मन्त्रालय

उप-सचिव

परिच्छेद -८

## विविध

१२. **बैकल्पिक उम्मेदवारको व्यवस्था** :उम्मेदवारहरुको FPU मिशन छनौटको सूची प्रकाशन गर्दा देहाय बमोजिमको दर्जागत संख्यामा बैकल्पिक उम्मेद्वार समावेश गरी सूचि प्रकाशन गर्नु पर्नेछ । बैकल्पिक उम्मेदवारहरु आगामी हुने छनौट परिक्षामा कुनै प्राथमिकता पाउने छैनन् ।

| सि.नं. | माग भएको रिक्त पद संख्या | बैकल्पिक उम्मेद्वारको संख्या |
|---|---|---|
| १. | १ देखि ३ सम्म भएमा | १ |
| २. | ४ देखि ८ सम्म भएमा | २ |
| ३. | ९ देखि १५ सम्म भएमा | ३ |
| ४. | १६ देखि २० सम्म भएमा | ४ |
| ५. | २१ र सो भन्दा माथि जति सुकै भए पनि | २० प्रतिशत |

१३. **निष्कृयता तथा कानून बमोजिम हुने** : यस निर्देशिकामा लेखिएका कुनै कुरा नेपालको प्रचलित कानूनसंग बाझिन गएको हदसम्म स्वत: निष्कृय हुनेछ र यसमा लेखिएका कुराहरु सम्बन्धित कार्यालयले नेपालको प्रचलित कानूनको मनसाय विपरीत नहुने गरी नेपाल सरकारको नीति, निर्देशनको परिधि भित्र रहेर गर्नेछ ।

१४. **निर्देशिकामा संशोधन** :यस निर्देशिकामा आवश्यकतानुसार समय सापेक्ष रुपमा संसोधन गर्न सकिनेछ । संसोधित बुँदा सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट गठन भएको बोर्डको राय अनुसार सशस्त्र प्रहरी महानिरीक्षकद्वारा सिफारिस साथ स्विकृतिको लागि नेपाल सरकार गृह मन्त्रालयमा समक्ष पेश गर्नुपर्नेछ ।

१५. **ब्याख्या** :

(क) यो निर्देशिकाको व्याख्या गर्ने अधिकार नेपाल सरकार गृह मन्त्रालय वा सशस्त्र प्रहरी बल प्रधान कार्यालयलाई हुनेछ ।

(ख) उपदफा (क) बमोजिम व्याख्याको लागि निकास माग गर्दा सशस्त्र प्रहरी बल प्रधान कार्यालय कानून तथा अनुगमन शाखा मार्फत माग गर्नुपर्नेछ ।

१६. **खारेजी** : यो निर्देशिका लागू हुनु भन्दा अघिको मितिमा प्रचलनमा रहेको "सशस्त्र प्रहरी वलमा UN FPU मिशन छनौट निर्देशिका-२०७०" खारेज गरिएको छ ।

नेपाल सरकार गृह मन्त्रालय

उप-सचिव

परिशिष्ठ "क"

(दफा ८ को (ख) सँग सम्बन्धित)

| टेष्टको विवरण | | ३० वर्ष भन्दा कम | ३०-३५ वर्ष सम्म | ३५-४० वर्ष सम्म | ४०-४५ वर्ष सम्म | कैफियत |
|---|---|---|---|---|---|---|
| २ माईल दौड | पुरुष | १८ मिनेट | २० मिनेट | २२ मिनेट | २४ मिनेट | ४५ वर्ष माथी समय सिमा छैन |
| | महिला | २२ मिनेट | २४ मिनेट | २६ मिनेट | २८ मिनेट | ४५ वर्ष माथी समय सिमा छैन |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| मंकीक्रल | १८-३५ वर्ष | पुरुष | सरासरी | |
| | ३५-४५ वर्ष | पुरुष | थप एक मौकामा सरासरी | |
| | ४५ वर्ष माथी | पुरुष | थप दुई मौकामा सरासरी | |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| डबल डिच | १८-३५ वर्ष | पुरुष | सरासरी | |
| | | महिला | दोश्रो मौका | |
| | ३५-४५ वर्ष | पुरुष | दोश्रो मौका | |
| | | महिला | तेश्रो मौका | |
| | ४५ वर्ष माथी | पुरुष | तेस्रो मौका | |
| | | महिला | चौथो मौका | |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| फायरमेन लिफ्ट (२०० मिटर) | १८-३५ वर्ष | पुरुष | ८० सेकेण्ड | |
| | | महिला | ९० सेकेण्ड | |
| | ३५-४५ वर्ष | पुरुष | ९० सेकेण्ड | |
| | | महिला | १०० सेकेण्ड | |
| | ४५ वर्ष माथी | पुरुष | १०० सेकेण्ड | |
| | | महिला | ११० सेकेण्ड | |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| पूस अप | १८-३५ वर्ष | महिला | ८ पटक | |
| | ३५-४५ वर्ष | महिला | ६ पटक | |
| | ४५ वर्ष माथी | महिला | ४ पटक | |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| सिट अप | १८-३५ वर्ष | महिला | ६ पटक | |
| | ३५-४५ वर्ष | महिला | ४ पटक | |
| | ४५ वर्ष माथी | महिला | २ पटक | |

परिशिष्ठ''ख"

(दफा ९ को (ज) संग सम्बन्धित)

| सि.नं. | आई.डि.नं | दर्जा | नाम थर | बाह्य परिक्षा | | | | | | लिखित परिक्षा | तालिम | नतिजा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सबैको लागी | पुरुषको लागी मात्र | महिलाको लागी मात्र | | सबैकौ लागी | | | | |
| | | | | 2M | MC | पुसअप | सिटअप | DD | FL | | | |
| | | | | | | | | | | | | |

नेपाल सरकार गृह मन्त्रालय

उप-सचिव

परिशिष्ठ"ग"

(१)**प्रशासन तर्फ**

(दफा ३ को (ङ) संग सम्बन्धित तालिमको सूचि )

(क) आधारभुत तालिम अनिवार्य गरेको हुनु पर्ने ।
(ख) व्यवसायिक तालिमहरु अन्तर्गत सशस्त्र प्रहरी नियमावली, २०६० को अनुसूची -५ ले निम्न खण्डमा तोकिएको तालिमहरुलाई जनाईनेछ ।
(१) पेशागत तालिम
(२) सेवा सम्बन्धि तालिम
(३) शारिरिक तालिम (यस समुहमा शारिरिक ब्यायाम र ड्रिल तालिमलाई मान्यता दिईने छ)
(४) प्रशासन सम्बन्धि तालिम
(५) सुरक्षा सम्बन्धि तालिम
(६) अपराध अनुसन्धान तथा नियन्त्रण
(ग) बिपद ब्यावस्थापन तालिम र स्पेशल टास्क फोर्स तालिमलाई पनि व्यावसायिक तालिममा गणना गरिने छ ।
(घ) खण्ड (ख) र (ग) मा उल्लेख भएको व्यावसायिक तालिमहरु निम्न दर्जागत रुपमा गरेको हुनुपर्ने ।

**निम्नः**

| सप्रनाउ | सप्रनि | सप्रवनानि | सप्रनानि | सप्रसनि | सप्रबह | सप्रह | सप्रसह | सप्रज | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| गुल्मपति तथा स्टाफ तालिम | खुल्ला तर्फ युवक अधिकृत तालिम, बढुवाको हकमा अल्पकालिन आधारभूत तालिम पुरा गरेको | प्लाटुन कमाण्डर तालिम (PC) | प्लाटुन कमाण्डर तालिम (PC) | खुल्ला तर्फ कुनै १ व्यवसायिक तालिम गरेको, बढुवाको हकमा अल्पकालिन आधारभूत तालिम पुरा गरेको | कुनै ४ व्यवसायिक तालिमहरु गरेको | कुनै ३ व्यवसायिक तालिमहरु गरेको | कुनै २ व्यवसायिक तालिमहरु गरेको | कुनै १ व्यवसायिक तालिम गरेको | |

(२) **प्राविधिक/ट्रेड तर्फ**

(क) आधारभुत तालिम अनिवार्य गरेको हुनु पर्ने ।
(ख) प्राविधिक एवं ट्रेडसँग सम्बन्धित तालिमहरु लिई सम्बन्धित ट्रेडको काम कारबाही गर्ने अनुमति प्राप्त भएको हुनु पर्नेछ ।

**नोटः-**

१) व्यवसायिक तालिम कम्तिमा ४ हप्ताको हुनुपर्नेछ ।
२) FPU प्री डिप्लोयमेन्ट तालिम सञ्चालन हुनु अघिसम्म अनिवार्य दर्जागत तालिम समापन हुने तालिमरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई मात्र FPU मिशन छनौटमा मनोनयन गरी परिक्षामा समावेश गरिनेछ ।
३) अनिवार्य तालिम बाहेक अन्य तालिमहरुमा तालिमरत सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा निजले गरिरहेको तालिम वा FPU मिशन छनौट परिक्षा मध्ये कुनै एक मौकालाई छनौट गर्नुपर्नेछ ।

नेपाल सरकार गृह मन्त्रालय

उप-सचिव